# सामाजिक विभेद निवारण सम्बन्धि पञ्च वर्षिय कार्ययोजना २०८१

राप्ती गाउँपलिका गाउँकार्यपालिकाको कार्यालय

मसुरिया देउखुरी दाङ

| उद्देश्य | क्रियाकलाप | समयावधि | लक्षित समुह | जिम्मेवार/नेतृत्वकर्ता |
|---|---|---|---|---|
| १. वञ्चित वर्ग, क्षेत्र, लिङ्ग, जातजाति, र समुदायको पहिचान गरी विकासका कार्यक्रम सञ्चालन गर्ने। | • प्रत्येक वडाबाट खण्डित तथ्यांक संकलन र अद्यावधिक गर्न आवश्यक जनशक्ति व्यवस्था गर्ने।<br>• योजना तर्जुमा प्रक्रियामा लक्षित वर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्न जनचेतना तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।<br>• लक्षित समुदायलाई आर्थिक सशक्तिकरणका लागि सीपमूलक, व्यवसायिक तालिम, प्रविधि हस्तान्तरण र बजारिकरण सम्बन्धी कार्यक्रम र बजेट सुनिश्चित गर्ने। | आ.व ०८०/८१देखि आ.व ०८४/८५सम्म | लक्षित वर्ग महिला, बालबालिका, दलित, अपाङ्ग,जानजाति, एकल र अति विपन्न समुदाय | राप्ती गाउँपालिका महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा तथा सुचना तथा प्रविधि शाखा |
| २. बालश्रम, बालविवाह, बालयौन शोषण लगायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको न्यूनिकरण गर्ने | • बालविवाह न्यूनिकरणका लागि टोल र बस्ती स्तरमा बाल क्लब र बाल सञ्जालको गठन गरी प्रभावकारी रुपमा सञ्चालन गर्ने।<br>• बाल श्रम नीति अनुसार बालश्रम विरुद्ध अभियान चलाउन संयन्त्र र सरोकारवाला पक्षहरूको खोजी र नक्सांकन गर्ने।<br>• सबै बालबालिकालाई शिक्षामा पहुँच पुर्याउन बस्ती स्तरसम्म बालबालिका भर्ना अभियानलाई नियमित रुपमा सञ्चालन गर्ने र अभिलेखीकरणलाई चुस्तदुरुस्त राख्ने।<br>• अति विपन्न असहाय बालबालिकाहरूलाई निःशुल्क पाठ्यसामग्री उपलब्ध गराउन आवश्यक बजेट र योजनाको कार्यान्वियन गर्ने।<br>• सबै बालबालिकालाई पूर्ण खोपको व्यवस्था गर्ने।<br>• पोषण कर्नरको व्यवस्था गर्ने।<br>• बालविवाह र बालश्रम मुक्त वडा तथा गाउँपालिका घोषणा गर्न आवधिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने।<br>• गाउँपालिकाको सबै संरचनामा स्तनपान कक्षको व्यवस्थापन गर्ने।<br>• घरमा सुत्केरी गराउने संख्या शून्यमा झार्न सचेतना तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिने। | आ.व ०८०/८१देखि आ.व ०८४/८५सम्म | सबै प्रकारका बालबालिका-अपाङ्ग, अति विपन्न, अनाथ, असहाय-सहित महिला, एकल महिला, गर्भवती तथा सुत्केरी महिला, र ज्येष्ठ नागरिक। | राप्ती गाउँपालिका शिक्षा शाखा तथा महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा |

| | | | | |
|---|---|---|---|---|
| ३. लैङ्गिक विभेद, लैङ्गिक हिंसा, सामाजिक असमानता, जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरितीहरूको अन्त्य। | • लैंगिक हिंसा र घरेलु हिंसा विरुद्धका अभियानहरूलाई टोलस्तरदेखि वडा र गाउँपालिकास्तरसम्म विभिन्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने।<br>• घरेलु हिंसा र लैंगिक हिंसा विरुद्ध कानूनी प्रावधानबारे समुदायस्तरमा कानूनी साक्षरता तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, साथै लैंगिक हिंसा विरुद्ध शून्य सहनशीलता अवलम्बनका लागि विभिन्न सञ्चार माध्यमबाट अभियानहरू सञ्चालन गर्ने।<br>• गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र स्थापना गरी लागू गर्ने।<br>• घरेलु हिंसा अन्त्यका लागि वडा तथा समुदायस्तरमा सासु-बुहारी र श्रीमान-श्रीमती जोडीलाई तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।<br>• न्यायिक समिति लगायत मेलमिलाप केन्द्रमा मेलमिलापककर्ताहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।<br>• मदिरा सेवनका कारण धेरैजसो घरेलु हिंसा हुने भएकाले मदिरा बिक्री, वितरण, तथा सेवनलाई नियमन गर्न गाउँपालिकाले कार्यविधि बनाई कार्यान्वयन गर्ने। | आ.व ०८०/८१देखि आ.व ०८४/८५सम्म | महिला,एकल महिला,बालबालिका किशोर किशोरी मदिरा सेवन गर्ने पुरुष,होटल व्यवसाय, अन्य सबै सरोकारवाला निकाय | गाउँपालिका लै.स.अ.स.सा सम्पर्क व्याक्ति, महिला,बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, न्यायिक समिति |
| ४. हानिकारक गलत सामाजिक अभ्यास, कुरीति, लगायतका सबै प्रकारका विभेदको अन्त्य। | • अपाङ्गमैत्री र बालमैत्री संरचना निर्माणमा विशेष जोड दिने।<br>• अति विपन्न र असहाय ज्येष्ठ नागरिकहरूका लागि निःशुल्क स्वास्थ्य बीमा व्यवस्था गर्ने।<br>• बालबालिका तथा किशोरीहरूलाई आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन गर्ने।<br>• सुरक्षित मातृत्व र प्रजनन अधिकारबारे महिला समूह, आमा समूह, र सहकारीका सदस्यहरूबीच अन्तरक्रिया सञ्चालन गर्ने।<br>• बहुविवाह, जातीय छुवाछूत, दाइजो प्रथा, धामीझाँक्री, मदिरा नियन्त्रण, र सबै प्रकारका विभेद तथा बालविवाहजस्ता सामाजिक अपराधहरू विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | आ.व ०८०/८१देखि आ.व ०८४/८५सम्म | सबै प्रकारका बालबालिका,अपाङ्ग अति विपन्न अनाथ असहाय बालबालिका, महिला,एकल महिला गर्भवती तथा सुत्केरी महिला जेष्ठ नागरिक तथा अति विपन्न समुदाय | संघ संस्था,वडा कार्यालय,गाउँपालिका शिक्षा शाखा,स्वास्थ्य शाखा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा |
| ५. अति विपन्न र पछाडि परेका वर्ग समूहको आर्थिक सशक्तीकरण। | • लक्षित समूहको आयआर्जन वृद्धि गर्न योजना तथा कार्यक्रमहरूमा निश्चित प्रतिशतको व्यवस्था गर्ने।<br>• लक्षित समूह केन्द्रित सीप तथा रोजगारमूलक तालिमहरू प्रदान गर्दै आवश्यक प्रविधि हस्तान्तरण गर्ने।<br>• उत्पादन भएका वस्तु तथा सेवाहरूको बजारिकरणका लागि सहयोग र समन्वय विस्तार गर्ने। | आ.व. ०८०/८१देखि आ.व.०८४/८५सम्म | | गाउँपालिका ,विषयगत शाखा तथा उद्यम विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| | • कृषिको आधुनिकीकरण सम्बन्धी कार्य योजना तयार गरी लागू गर्ने।<br>• 'एक वडा, एक सहकारी, र एक उत्पादन कार्यक्रम' सञ्चालन गर्ने। | | | |
| ६. लै.स.अ.सा.स (लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण) मैत्री कार्य प्रणाली र लैंगिक उत्तरदायी बजेटको कार्यान्वयन। | • गाउँपालिकामा कार्यरत सम्बन्धित सार्वजनिक तथा निजी सबै सरोकारवाला निकाय वा व्यक्ति बीच निरन्तर समन्वय र सहकार्य गर्न सामाजिक विकास शाखा प्रमुखलाई जिम्मेवारी प्रदान गरिनेछ।<br>• गाउँपालिकामा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (लै.स.अ.सा.स) सम्बन्धी कार्यक्रम तथा बजेटलाई एकद्वार प्रणालीमार्फत कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।<br>• लै.स.अ.सा.स सम्बन्धी बनेका नीति तथा कानून कार्यान्वयन गर्न सरोकारवाला निकाय र लक्षित समूहहरू बीच अभिमुखीकरणमार्फत जानकारी गराई कार्यान्वयन गर्न निर्देशन तथा प्रोत्साहन गरिनेछ। | आ.व. ०८०/८१देखि आ.व.०८४/८५सम्म | सरोकारवाला सार्वजनिक निकाय, स्थानिय संजाल,स्थानिय संघ संस्था, दातृ निकाय,निजी क्षेत्र आदि। | गाउँपालिका योजना तथा बजेट तर्जुमा समिति तथा विषयगत शाखा सबै |

जीवन कुमारी जि.सी.
स.म.वि.नी.

नेब बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश बिष्ट
अध्यक्ष